पाठ ८

# मण्डलीहरूले उत्सव मनाउँछन्

धेरै वर्ष पहिले हाँस्यकारका रूपमा सांसारिक जीवनबाट उद्धार पाएका एक जना व्यक्तिले आफ्नो सारङ्गीलाई धूलोपीठो पारिदिए। "अब म कहिल्यै पनि फेरि शैतानको लागि बजाउने छैन" भनी उनले भने।

केही महीनापछि आफ्नो हतपते कामप्रति उनलाई पछुतो लाग्यो र उनी अर्को सारङ्गी किन्ने तरखरमा थिए। आफ्नो साङ्गीतिक खूबी प्रभुको लागि प्रयोग गर्न सकिन्छ भनी उनले सिकेका थिए!

एकापट्टि वा अर्कोपट्टि असन्तुलन प्रकारले ढल्कने बानी मानव स्वभावभित्रै छजस्तो देखिन्छ। जसको फलस्वरूप, कुनै-कुनै मण्डलीहरूले तिनीहरूका सेवाहरूमा रीतिथिति र विधिहरू थपेका छन्, कि त्यहाँ पवित्र आत्माको कामको लागि ठाउँ नै छैन। यसरी नै अरूहरूले चाहिँ पृथ्वीका सबै थोकहरूबाट स्वतन्त्र भएको दाबी गर्छन्, र भजनको पुस्तकबाट भजन पनि गाउँन चाँहदैनन्।

तर समुद्रमा ओल्टयाङ्-पल्टयाङ् भएको पानी जहाजजस्तो हामी हुनुपर्दैन, जुनचाहिँ कहिले एकापट्टि र कहिले अर्कापट्टि



मडारिरहन्छ। ख्रीष्टमा भएको हाम्रो स्वतन्त्रताले स्वर्गका थोकहरू र परमेश्वरले हाम्रो भलाइको लागि दिनुभएका पृथ्वीका थोकहरूका बीचमा एक सुन्दर सन्तुलन कायम राख्छ।

**यस पाठमा तपाईंले यी विषयहरूको अध्ययन गर्नुहुनेछ. . .**

मण्डली विधिहरू (संस्कारहरू)
मण्डली चाड़पर्वहरू
विधिवत वा स्वतन्त्र आराधना

**यस पाठले तपाईंलाई यी विषयहरूमा सहायता पुऱ्याउनेछ. . .**

- मण्डली विधिहरूको विभिन्नतालाई अझै राम्रोसँग बुझ्न।
- मण्डली वर्षका ठूला चाड़पर्वहरूमा कृतज्ञ भई तिनीहरूका सम्बन्धमा भएका अर्थहरूलाई महसूस गर्न।
- विधिवत र स्वतन्त्र मण्डली सेवाहरूका बीचमा सन्तुलन पत्ता लगाउन।

## मण्डली विधिहरू (संस्कारहरू)

उद्देश्य १ *गर्नु नै पर्ने विधिहरू र ऐच्छिक मण्डली संस्कारहरूलाई परिचित गर्नुहोस्।*

तिमोथी र मरियमको निम्ति महान् दिन आइपुगेको छ– तिनीहरूको विवाहको दिन। तिनीहरू दुवैका परिवारहरू योजना र सम्पूर्ण कुराहरूको तयारीमा संलग्न छन्। पास्टरद्वारा समापन गरिएको यस संस्कारमा सहभागी हुनका लागि तिनीहरूको मण्डलीका सबै मित्रहरूलाई निमन्त्रणा दिइएको छ। विवाहको संस्कार सकिएपछि सङ्गति भवनमा चियाखाजाको व्यवस्था पनि गरिएको छ।

मरियम एकोहोरो हेरिरहन्छिन्, तर त्यस अवसरको पवित्रताको विचार गर्दा तिनमा भयभक्ति पनि जाग्छ। परमेश्वरले चाहनुभएकै जस्ती पत्नी हुन तिनी चाहन्छिन्। तिमोथी अति प्रसन्न छन्, तर आफूले बाँध्ने करारको वचनलाई उनले बड़ो ध्यानपूर्वक विचार गरिरहेका छन्ः आफ्नी दुलही (पत्नी)-लाई प्रेम गर्नु र तिनलाई जुटाउनु र आफ्नो परिवारको आत्मिक शिर बन्नु। तिनीहरूले पास्टरसँग सरसल्लाहका धेरै कक्षाहरू लिएका थिए र यस कुरालाई महसूस पनि गरेका थिए कि स्थिर विवाह त्यसै हुँदैन– यसलाई *निर्माण* गरिनुपर्छ। तिनीहरूको सम्बन्ध-को केन्द्र ख्रीष्टको साथमा, समयको अन्तरालमा एक-अर्काप्रति भएको तिनीहरूको प्रेम अझै वृद्धि हुन्छ र निरन्तर रूपमा रहिरहन्छ।

तिनीहरूलाई विवाह दिने मण्डलीको निम्ति तिनीहरू अति नै खुशी भएका छन्। तिनीहरूको आनन्दमा सहभागी हुने मण्डलीले यसलाई पूरा गरिदिनेछ।

पानीको बप्तिस्मा र प्रभु-भोजको बारेमा हामीले छलफल गरिसकेका छौं। यिनीहरूलाई *विधिहरू* भनिन्छ, किनकि यिनीहरूलाई पालन *गर्नू* भनी बाइबलले हामीलाई बताएको छ। यस बारेमा हामीले पाठ ५ र ६-मा अध्ययन गरिसकेका छौं। निर्धारित बाइबल पदहरूका आधारमा मण्डलीले संस्कारहरूको पनि सञ्चालन गर्छ। नयाँ घरको समर्पणजस्ता संस्कारहरूचाहिँ ऐच्छिक हुन्छन्। यसको अर्थ यही हुन्छ कि हामीले चाह्यौं भने यो गर्न सक्छौं र नगर्न पनि सक्छौं– छनोटचाहिँ हाम्रो नै हो। हामी सबैले अनुभव गर्ने आनन्द र दुःखमा सहभागी हुनका लागि सहायता पुऱ्याउने केही संस्कारहरूलाई अब हामी यहाँ विचार गरौं।

१. *विवाह कार्यः* परमेश्वर आफैले नै विवाहलाई शुरू गर्नुभएको हुनाले, मण्डलीमा नै विवाह कार्य समापन गर्नु अति नै उचित चलन हो। यो संस्कार एक पुरुष र स्त्रीको बीचमा बनाइएको प्रतिज्ञाको वरिपरि केन्द्रित हुन्छ र तिनीहरू आफू बाँचुञ्जेल पति र पत्नीका रूपमा एक-अर्काप्रति सच्चा र ईमानदार भएर जिउँछन्। कुनै-कुनै देशहरूमा विवाह कार्य समापन गर्नका लागि मण्डलीका सेवकहरूले सरकारबाट अधिकार प्रमाण-पत्र पनि पाएका हुन्छन्। कतिपय अरू देशहरूमा अदालती विवाह पहिले गरिनुपर्छ र त्यसपछि मण्डलीमा विवाह समापन गर्ने चलन छ।

२. *बाल-अर्पणः* ख्रीष्टियान आमा-बाबुले आफ्ना बाल-बालिका वा जवान छोराछोरीहरूलाई परमप्रभुमा अर्पण गर्नका लागि मण्डली सेवामा ल्याउँछन्। पास्टरले त्यस सानो बालकलाई आफ्ना हातमा लिन्छन् र परमप्रभुको भयमा यस बालकलाई हुर्काउने प्रतिज्ञा आमा-बाबुले गरेपछि बालक र आमा-बाबु दुवैका लागि प्रार्थना गरिदिन्छन्। यस उत्तम चलनमा पूरै मण्डलीले आनन्द मनाउँछ।

३. *बिरामीहरूका निम्ति प्रार्थना गर्नुः* प्रायःजसो मण्डली सभामा बिरामीहरूले विशेष प्रार्थनाको निम्ति बिन्ती गर्छन्। मण्डलीका कुनै अगुवाले ती बिरामीहरूका निधारमा तेलले अभिषेक गरी तिनीहरूका निम्ति प्रार्थना गर्न सक्छन्। निको हुन सक्ने कामचाहिँ अस्वाभाविक होइन। यो तुरुन्तै वा बिस्तारै हुन सक्छ। बिरामीहरूलाई तिनीहरूका घरमा वा अस्पतालमा पनि प्रार्थना गर्न सकिन्छ। येशूले भन्नुभयो कि विश्वासीहरूले 'रोगीहरूमाथि आफ्ना हात राख्नेछन्, र तिनीहरू निको हुनेछन्'' (मर्कूस १६:१८)। याकूब ५:१४-१५ पनि हेर्नुहोस्।

४. *भवन-अर्पणः* कुनै व्यक्ति नयाँ घरमा सर्दा उसले त्यहाँ अर्पणको प्रार्थना गर्छ। परमप्रभुलाई भवन अर्पण गर्न र त्यस घरको शिरको रूपमा ख्रीष्टलाई निमन्त्रणा गर्नका लागि मण्डली अगुवाहरू र मित्रहरू यस आनन्दित अवसरमा भेला हुन्छन्। व्यापारको नयाँ ठाउँ, स्कूल, क्रियाकलाप केन्द्र खोल्दा वा मण्डली शुरू गर्दा ख्रीष्टियानहरूले ती ठाउँहरूलाई अर्पण गर्ने गर्छन्, किनकि आफूले गरेका सबै थोकहरूमा तिनीहरू ख्रीष्टलाई महिमा दिन चाहन्छन्।

५. *अन्त्येष्टि (दाह संस्कार, दफन)ः* परिवारमा मरण पर्दा प्रत्येक व्यक्तिको निम्ति मण्डलीको आवश्यकता पर्छ। विश्वासीहरूका साथमा गरिएको अन्त्येष्टि विधिले वेदनाको बोझलाई हलुको बनाउन सहायता पुग्छ। पास्टरले परमेश्वरको वचनबाट सान्त्वनाका वचनहरू बोल्छन् र ''आशा नहुनेहरूजस्तै'' हामी निराश हुनुहुँदैन भनी परिवारका सदस्यहरूलाई सम्झाउँछन् (१ थेसलोनिकी ४:१३)। हामीहरूमा यही नै महिमित आशा छ, कि प्रभुमा भएका हाम्रा प्रियहरू येशूको उपस्थितिमा ग्रहण भइसकेका छन् जहाँ तिनीहरूले कहिल्यै कष्ट भोग्ने छैनन्। हामीले तिनीहरूलाई फेरि देख्नेछौं भनी बाइबलले निश्चयता दिएको छ।

मण्डलीमा कहिल्यै नजाने व्यक्तिहरू अन्त्येष्टि कार्यक्रममा जाने हुनाले, ख्रीष्टलाई ग्रहण गर्ने बारेमा अविश्वासीसँग कुराकानी गर्ने मौका यसले प्रदान गर्छ। परिवारको निम्ति खाना तयार गरेर वा अरू विभिन्न सहायताहरू गरेर ख्रीष्टियानहरूले यस परिवारलाई सेवा पुऱ्याउन सक्छन्।

बितिगएका आफ्ना प्रियहरूको सम्भनामा परिवारका सदस्यहरूले 'स्मृति दिवस' राख्न सक्छन्। स्मृतिको रूपमा तिनीहरूले मण्डलीलाई केही भेटीहरू पनि दिन सक्छन्। यस्तो खालको संस्कारद्वारा व्यक्तिलाई आदर दिने प्रथा पनि कायम हुन्छ।

**तपाईंको अभ्यासको निम्ति**

**१** बायाँपट्टि दिइएका बाइबलका पदहरूलाई हेर्नुहोस् र दायाँपट्टि दिइएको विधि वा चलनको प्रतिनिधित्व गर्ने बयानको संख्यालाई लेख्नुहोस्।

| | |
|---|---|
| .....**क.** उत्पत्ति ५०:१-११ | १) विवाह |
| .....**ख.** १ शमूएल १:२७-२८ | २) अन्त्येष्टि |
| .....**ग.** २ इतिहास ७:६ | ३) बप्तिस्मा |
| .....**घ.** यूहन्ना २:१ | ४) बिरामीहरूका निम्ति प्रार्थना |
| .....**ङ.** प्रेरित २८:७-९ | ५) बाल-अर्पण |
| | ६) भवन-अर्पण |

अरू दुइ विधिहरू जो मण्डलीसँग सम्बन्धित छन् र मण्डलीमा नै सञ्चालन गरिन्छन्। ती पनि प्रचलित नै छन्।

६. *नयाँ सदस्यहरूलाई ग्रहण गर्नुः* सदस्यता कक्षाहरूमा यस सम्बन्धी शिक्षा दिइएपछि, सदस्यताका निम्ति तयारी भएका उमेदवारहरूलाई पास्टर र मण्डली समितिले न्यानो सङ्गति प्रदान गर्छ। मण्डलीका सम्पूर्ण सदस्यहरूका उपस्थितिमा नै यो विधिलाई सञ्चालन गरिनुपर्छ। "स्वागत, आउनुहोस्!" भन्ने यो एक अति उत्तम तरीका हो।

७. *कार्यकर्ताहरू र शिक्षकहरूको नियुक्तिः* मण्डलीमा नयाँ कामको जिम्मा लिनेहरूका निम्ति कुनै-कुनै मण्डलीहरूले नियुक्ति सेवाहरूको सञ्चालन गर्छन्। प्रभुलाई खुशी पार्ने किसिममा आ-आफ्ना जिम्मेवारीहरू पूरा गर्नू भनी पास्टरले तिनीहरूलाई अर्ती दिन्छन्। पास्टरले तिनीहरूका निम्ति प्रार्थना गरिदिँदा मण्डलीका सबै जना उठ्छन्। रीतिभन्दा पनि अझ धेरै त यो छोटो संस्कारले अगुवाहरूलाई उत्साह दिन्छ र पूरै मण्डलीको समर्थनको सम्बन्धमा तिनीहरूलाई निश्चयता प्रदान गर्छ।

## तपाईंको अभ्यासको निम्ति

**२** वाक्यलाई पूरा गर्ने ठीक बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्। रोमी १२:१५-अनुसार, हामीले

**क.** अरू मानिसहरूका दुःखमा सहभागिता देखाउनुपर्छ।

**ख.** अरूहरू र तिनीहरूका आनन्दमा सहभागिता देखाउनुपर्छ।

**ग.** आवश्यकताअनुसार बाँड्चूँड् गर्नुपर्छ।

**घ.** अरूहरूकहाँ आउने आनन्द र दुःख दुवैमा सहभागिता देखाउनुपर्छ।

**३** बाइबलले निश्चित रूपमा निर्देशन दिएका तल उल्लेखित संस्कारहरूमध्ये कुन-कुनलाई *धर्म-विधिको* रूपमा लिइएको

छ, उल्लेख गर्नुहोस्।

**क.** पानीको बप्तिस्मा ........................................

**ख.** नयाँ सदस्यहरूको ग्रहण ..................................

**ग.** कार्यकर्ताहरूको नियुक्ति ..................................

**घ.** प्रभु-भोज ..................................................

**ङ.** अन्त्येष्टि ..................................................

## मण्डली चाड़पर्वहरू

उद्देश्य २ *चाड़पर्वहरूका नामलाई तिनीहरूले स्मरण गराउने अवसरहरूसँग तुलना गर्नुहोस्।*

मण्डली चाड़पर्व उत्सवको विशेष समय हो, र यस अवसरमा प्रायःजसो आनन्द मनाइन्छ, जहाँ येशूको जीवनमा वा मण्डली इतिहासमा भएका महान् घटनाहरूलाई स्मरण गरिन्छ। प्रायःजसो मण्डली पात्रोमा चारवटा मुख्य चाड़पर्वहरूलाई उल्लेख गरिएको छः ख्रीष्टमस् (ख्रीष्टको जन्म), गुड फ्राइडे (ख्रीष्टको मृत्यु), इस्टर (ख्रीष्टको पुनरुत्थान), र पेन्तिकोसको दिन, अरूहरूचाहिँ पाम सण्डे (स्वागत आइतबार), स्वर्गारोहण आइतबार र प्रभुको दिन।

*ख्रीष्टमस* आनन्दको अवसर हो। धेरै तयारीका साथ मण्डलीहरूले यो कार्यक्रम सञ्चालन गर्छन्। जवान मानिसहरूले ख्रीष्टमस गीतहरू अभ्यास गर्छन् र केटाकेटीहरूले कण्ठस्थ भन्नुपर्ने पदहरू र गीतहरू सिक्छन्। तिनीहरूले ख्रीष्टमस् कथाको नाटक पनि प्रदर्शन गर्छन्। मीठाइ वा अरू खानेकुराहरू दिन सकिन्छ। मण्डलीले साधारण वा बृहत्‌जस्तै कुराको योजना गरेको भए तापनि यो सबै ख्रीष्ट मुक्तिदाताको जन्मको सम्झनामा

नै गरिएको हो, जो संसारलाई दिइनुभएको– परमेश्वरको वरदान हुनुहुन्छ। आमा-बाबु र अविश्वासी मित्रहरूलाई यस कार्यक्रमद्वारा सुसमाचार सन्देशमा परिचित गर्न सकिन्छ।



*पाम सण्डे* (स्वागत आइतबार)-ले गधामा चढ़ी येशू विजयतासाथ यरूशलेममा प्रवेश गर्नुभएको घटनालाई स्मरण गराउँछ। भीड़ले खजूरका हाँगाहरू लिएर हल्लाउँदै उहाँको अगाड़ि-अगाड़ि बाटोमा राखिदिएका थिए। तिनीहरूले उहाँलाई प्रशंसा गर्दै "दाऊदका पुत्रलाई होसन्ना! धन्य उहाँ, जो परमप्रभुको नाउँमा आउनुहुन्छ!" भनी चिच्च्याए (मत्ती २१:९)। पाम सण्डेमा पवित्र हप्ता शुरू हुन्छ, जहाँ मण्डलीहरूले ख्रीष्टको क्रूसको मृत्यु र गड़ाइभन्दा पहिले ख्रीष्टको जीवनको अन्तिम हप्तालाई याद गर्छन्।

*गुड फ्राइडे* (ख्रीष्टको मृत्यु दिन)-ले क्रूसमा भएको येशूको दुःख र उहाँको मृत्युको सम्झना हामीलाई दिलाउँछ। केही मण्डलीहरूले प्रार्थनाको निम्ति पूरै दिन नै मण्डलीका ढोकाहरूलाई खुला राख्छन्। अरूहरूले चाहिँ येशूका अन्तिम सात वाक्यहरूमा मनन गरी प्रार्थना र भजनहरू गाउँदै तीन घण्टासम्म समय बिताउँछन्।

इस्टर (ख्रीष्टको पुनरुत्थान)-चाहिँ विशेष आनन्दको दिन हो, किनकि ख्रीष्ट मुर्दाबाट बौरिउठ्नुभएको छ। मानिसहरूले फूलहरूलाई उनेर मण्डलीघरलाई सजाउन रुचाउँछन्। कोही-कोहीले चम्किला र नयाँ लुगाहरू लगाउन पनि मन पराउँछन्। पास्टरहरूले येशूको पुनरुत्थानको बारेमा प्रचार गर्दा योचाहिँ बड़ो आनन्दमय समय हो। यो सत्यताविना त मण्डलीका सबै उत्सवहरू अर्थहीन नै हुनेथिए। तर हामी आनन्द मनाउँछौं, किनकि येशू जीवित हुनुहुन्छ भन्ने कुरा हामीलाई थाहा छ। हामीसँग बाइबलीय प्रमाण मात्र होइन (१ कोरिन्थी १५:२०), तर उहाँ हामी भित्र जिउनुहुन्छ भनी पवित्र आत्माद्वारा दिइएको भित्रिय निश्चयता हामीसँग छ।

*स्वर्गारोहण* आइतबार इस्टरपछिको छैटौं आइतबार हो। उहाँको स्वर्गारोहणचाहिँ इस्टरको चालीस दिनपछि बिहिबार भएको थियो, तर प्रायःजसो मण्डलीहरूले यो दिनको पछि आउने आइतबारमा उत्सव मनाउँछन्। यस कुरालाई हामीले कहिल्यै भुल्नुहुँदैन कि वास्तवमा ख्रीष्टले यस पृथ्वीलाई छोड्नुभयो र स्वर्गमा प्रवेश गर्नुभयो। उहाँ मण्डलीका शिर र हाम्रा प्रधान पूजाहारीका रूपमा परमेश्वरको दाहिने बाहुलीतर्फ विराजमान् हुनुभएको छ (हिब्रू १०:१२; ४:१४)। उहाँले प्रतिज्ञा गर्नुभएझैं उहाँ फेरि स्वर्गबाट पृथ्वीमा ओर्लनुहुनेछ (प्रेरित १:११)।

येशूलाई क्रूसमा टाँगिएको ५० दिनपछि *पेन्तिकोस* आउँछ। यहूदीहरूको निस्तार-चाड़को पचास दिनपछि आउने फसल कटनीको चाड़सँगै यो पनि आउँछ। पेन्तिकोसले "मण्डलीको जन्मदिनको" पनि उत्सव मनाउँछ, जुन दिन यरूशलेममा भेला भएका विश्वासीहरूमाथि पवित्र आत्मा आउनुभएको थियो। तिनीहरू शक्ति र आनन्दले भरिएका थिए र पवित्र आत्माले तिनीहरूलाई सक्षम बनाउनुभएअनुसार तिनीहरू अन्य भाषाहरूमा

बोल्न लागे। वरिपरि उभिरहेका मानिसहरूलाई पेन्टिकोस्टल अनुभवको बारेमा व्याख्या गर्नका लागि पत्रुसले योएलको पुस्तकबाट उद्धृत गरे, जसले लेखेका थिए, "आखिरी दिनहरूमा यस्तो हुनेछ भनी परमेश्वर भन्नुहुन्छ, म सबै मानिसहरूमाथि मेरा आत्मा खन्याइदिनेछु" (प्रेरित २:१७)।

आज विश्वासीहरूका बीचमा प्रायःजसो आराधनाको दिन मानिने *प्रभुको दिन* शुरूको मण्डलीद्वारा पालन गरिएको एक मात्र चाड़पर्व हुन सक्छ। ख्रीष्टको पुनरुत्थानको बारेमा आफैलाई स्मरण गराइरहनका लागि ख्रीष्टियानहरूले "हप्ते इस्टर"-को उत्सव मनाउने गर्थे। तिनीहरूले प्रार्थना, प्रचार, शिक्षा र प्रभु-भोजमा भाग लिएर हप्ताको पहिलो दिन अर्थात् यस "ख्रीष्टियान दिन"-लाई पालन गरेका थिए।

भर्खरका वर्षहरूमा अरू केही मण्डली उत्सवहरू विकास भएका छन्। *आमाको दिन* र *बुबाको दिन* दुवैले हाम्रा आमा-बाबुलाई आदर गर्छन्। *नयाँ वर्ष लाग्ने साँझले* प्रार्थना, आराधना र समर्पणको वातावरणमा नयाँ वर्षको आगमनमा उत्सव मनाउँछ। प्रायःजसो यसलाई "जाग्रमरात सेवा" पनि भनिन्छ।

मण्डलीहरूले वर्षाको यामपछि *धन्यवाद ज्ञापन गर्ने सेवा* वा *फसल कटनीको पर्वको* उत्सव मनाउन सक्छन्। वा प्रभुले आफ्ना निम्ति गर्नुभएको केही कामको निम्ति कृतज्ञता व्यक्त गर्नका लागि पनि विश्वासीहरूले धन्यवाद ज्ञापन गर्ने विशेष सेवाको बन्दोबस्त गर्न सक्छन्। योचाहिँ प्रार्थनाको निश्चित उत्तर वा परमेश्वरको सहायताद्वारा प्राप्त कुनै पनि उपलब्धी हुन सक्छ। यस्ता समयहरूमा तिनीहरूले मण्डलीद्वारा प्रभुलाई विशेष "धन्यवादको भेटी" चढ़ाउन सक्छन्।

तपाईंको मण्डलीले यहाँ उल्लेख गरिएका केही वा सबै विशेष दिनहरू वा यहाँ उल्लेख नगरिएका दिनहरूको उत्सव

पनि मनाउँछ होला। याद गर्नुपर्ने महत्त्वपूर्ण कुराचाहिँ यो हो कि दिनको खातिर नै दिनको उत्सव मनाइनुहुँदैन, तर प्रभुको काम र हामीसँगको उपस्थितिको सम्झनामा यो गरिनुपर्छ। यसलाई आफ्नो मनमा राख्नुहोस् र तपाईंका उत्सवहरू आत्मिक अर्थरहितका रित्ता रीतिथिति नबनून्।

**तपाईंको अभ्यासको निम्ति**

**४** बायाँपट्टि दिइएको वर्णनलाई दायाँपट्टि दिइएको चाड़पर्वसँग तुलना गर्नुहोस्।

| | |
|---|---|
| .....**क.** येशूको जन्म | १) पाम सण्डे |
| .....**ख.** यरूशलेममा विजयी प्रवेश | २) प्रभुको दिन |
| .....**ग.** क्रूसमा मृत्यु | ३) गुड फ्राइडे |
| .....**घ.** पुनरुत्थान | ४) ख्रीष्टमस् |
| .....**ङ.** येशूको स्वर्गारोहण | ५) इस्टर |
| .....**च.** "मण्डलीको जन्मदिन" | ६) पेन्तिकोस |
| .....**छ.** इस्टरको साप्ताहिक सम्झना | ७) स्वर्गारोहण |

**५** तल दिइएको वाक्यलाई पूरा गर्ने ठीक बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्। हामीले अध्ययन गरेका चाड़पर्वहरू मण्डलीका लागि अति नै मूल्यवान् छन्, किनकि तिनीहरूले

**क.** महत्त्वपूर्ण आत्मिक वा बाइबलीय घटनाहरूका सम्बन्धमा हामीलाई याद दिलाउँछन्।

**ख.** परम्परामा रहिरहनका लागि हामीलाई सहयोग गर्छन्।

**ग.** केही चाखलाग्दो कुरा गर्नका लागि हामीलाई दिन्छन्।

**घ.** अरूहरूलाई साक्षी दिनका लागि हामीलाई बाटो उपलब्ध गरिदिन्छन्।

**६** भर्खरका वर्षहरूमा विकास भएका मण्डली उत्सवहरूमध्ये कुनै तीनवटाको सूची बनाउनुहोस्।

.................................................................................

.................................................................................



## विधि (रीति) वत वा स्वतन्त्र आराधना

उद्देश्य ३ *विधिवत र स्वतन्त्र आराधना दुवैको निम्ति मण्डलीमा भएको स्थानलाई थाहा गर्नु।*

*रीति* भनेको धार्मिक विधिमा हुने शब्द र कार्यहरूको क्रम, निश्चित तरीका हो। *स्वतन्त्र रूपचाहिँ* शब्द र कार्यको स्वाभाविकपन हो। यी दुवैले मण्डलीमा ठूलो भूमिका खेलेका हुन्छन्।

शुरूको मण्डलीको बारेमा पढ्नुहुँदा, त्यहाँ कट्टर रूप र रीतिरिवाज नभएको कुरा तपाईंले देख्नुहुन्छ। तिनीहरूको अनौपचारिक सेवा र आराधनाले पवित्र आत्माको कामलाई र तिनीहरूका प्रतिउत्तरलाई स्थान दिएको थियो। यद्यपि, त्यसपछि धेरै मण्डलीहरू अति नै औपचारिक वा रीतिरिवाजमा भर पर्ने भए, जसको फलस्वरूप पवित्र आत्माको काममा बाधा पुग्यो। रीतिरिवाजचाहिँ रहीनै रहे तर तिनीहरूका अर्थचाहिँ बिर्सियो।

तब हाम्रा मण्डलीहरूमा रीति वा विधिको केही स्थान छ त? हो, अवश्य पनि त्यहाँ स्थान छ। विवाह, अन्त्येष्टि र प्रभु-भोजजस्ता अवसरहरूमा योजनावद्ध शब्दहरू र तरीकाको साथ सञ्चालन गरिएको विधिले त्यस कार्यप्रति भएको सम्मानको सम्बोधन गर्छ र केही कुरा पनि बिर्सिने वा छोड़िने छैन भन्ने कुराको पनि निश्चयता प्रदान गर्छ।

मण्डलीको विश्वासको सार र बाइबलका पदहरूलाई दोहोऱ्याउने कार्यको पनि ठूलो मूल्य छ, र विशेष गरी पढ्न नसक्नेहरूका लागि यो अति नै उपयोगी हुन्छ। यसको साथ-साथै बाइबलले पनि सिकाएको छ, कि आराधनालाई "शिष्टतापूर्वक र सुव्यवस्थित ढङ्गले" गरिनुपर्छ (१ कोरिन्थी १४:४०)। यद्यपि, यस्तो रूपलाई हामीले धेरै प्रयोग गरी हामी यसमा नै चाहिँ भर पर्नुहुँदैन। विधिवत् र स्वतन्त्र आराधनाको बीचमा हामीले सन्तुलन खोज्नुपर्छ र हामीले यस कुरालाई याद गर्नु-पर्छ कि विधिभन्दा पनि यसको *अर्थचाहिँ* अझै महत्त्वपूर्ण हुन्छ।

पुरानो करारका पूजाहारीहरूलाई आवश्यक पर्ने पोशाकको विपरीत, नयाँ करारमा पास्टर वा अन्य मण्डली अगुवा-हरूका निम्ति विशेष पोशाकको उल्लेख गरिएको छैन। सेवकहरू र साधारण विश्वासीहरूका बीचमा ठूलो भिन्नता नभएको हुनाले मण्डलीमा तह र पदमा जोड़ दिइएको थिएन। यसको सट्टामा त हामी साधारण आराधना, घनिष्ठ ख्रीष्टियान सङ्गति, येशू ख्रीष्टमा जीवित विश्वास र सेवाको नम्रताको बारेमा पढ्छौं।

मण्डलीहरूले उत्सव मनाउनैपर्छ! उद्धारको घटनामा भएका कुराहरूमा उत्सव मनाउनुभन्दा ठूलो कुरा त्यहाँ के हुन सक्छ र?

## तपाईंको अभ्यासको निम्ति

७ प्रत्येक मण्डली अवस्थामा सहयोग पुऱ्याउने खालका केही निश्चित विधिलाई हो लेखी सम्बोधन गर्नुहोस्।

**क**. विवाह ..........................................
**ख**. बिरामीहरूका निम्ति प्रार्थना ..........................................
**ग**. अन्त्येष्टिहरू ..........................................
**घ**. नगर-सुसमाचारीय सभा ..........................................
**ङ**. प्रशंसा र आराधना सेवाहरू ..........................................
**च**. प्रभु-भोज सेवाहरू ..........................................

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१ **क** २) अन्त्येष्टि
**ख** ५) बाल-अर्पण
**ग** ६) भवन-अर्पण
**घ** १) विवाह
**ङ** ४) बिरामीहरूका निम्ति प्रार्थना

४ **क** ४) ख्रीष्टमस्
**ख** १) पाम सण्डे
**ग** ३) गुड फ्राइडे
**घ** ५) इस्टर
**ङ** ७) स्वर्गारोहण दिन
**च** ६) पेन्तिकोस
**छ** २) प्रभुको दिन

२ घ) अरूहरूकहाँ आउने आनन्द र दुःख दुवैमा सहभागिता देखाउनुपर्छ।

५ क) महत्त्वपूर्ण आत्मिक वा बाइबलीय घटनाहरूका सम्बन्धमा हामीलाई याद दिलाउँछन्।
घ) अरूहरूलाई साक्षी दिनका लागि हामीलाई सहयोग गर्छन्।

३ **क** पानीको बप्तिस्मा।
**घ** प्रभु-भोज।

६ तपाईंले आमाको दिन, बाबुको दिन, नयाँ वर्षको साँझ, धन्यवाद ज्ञापन, फसल कटनीको चाड़, वा तपाईंको शहर वा देशको निम्ति महत्त्वपूर्ण भएको अर्को उत्सवलाई उल्लेख गर्नुभएको हुन सक्छ।

७ सम्भवतः तपाईंले **क**) विवाहहरू, **ग**) अन्त्येष्टिहरू र **च**) प्रभु-भोज सेवाहरू भनी लेख्नुभयो होला। यद्यपि, यी सबैमा, सहभागीहरू पवित्र आत्माको भद्र कामप्रति खुला रहनैपर्छ।